श्री मर्चवारी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, रायपुर, रुपन्देही

# विद्यालय अनुदान व्यवस्थापन निर्देशिका, २०७९

(पहिलो संसोधन २०८१/०९/२९)

गया प्रसाद बरई

गाउँपालिका अध्यक्ष

**गया प्रसाद बरई**

**गाउँपालिका अध्यक्ष**

## प्रस्तावना

सामुदायिक विद्यालयहरुमा गाउँपालिकाबाट उपलब्ध हुने अनुदानको आधार तय गर्न अनुदानको उच्चतम उपयोगमा सघाउ पुर्याउन तथा विद्यालयहरुको वितिय सुशासन, पारदर्शिता तथा व्यवस्थापनमा सुधार ल्याई गुणस्तरीय शिक्षाको प्रत्यभूतिका लागि सहजीकरण गर्न आवश्यक देखिएकोले शिक्षा नियमावली तथा स्थानी सरकार सञ्चालन ऐन २०७४ को नियम १९२ (ङ) ले दिइएको आधिकार प्रयोग गरि गाउँपालिकाबाट सामुदायिक विद्यालय कक्षा ११ र १२ संचालन भएका कुनै पनि किसिमका दरवन्दी नरहेको विद्यालयमा विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७९ (पहिलो संसोधन २०८१/०९/२९) जारी गारिएको छ ।

### परिच्छेद - १
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

१.१ यो निर्देशिकाको नाम सामुदायिक विद्यालय कक्षा ११ र १२ सञ्चालन रहेका विद्यालय अनुदान व्यवस्थापन निर्देशिका, २०७९ (पहिलो संसोधन २०८१/०९/२९) रहेको छ ।

१.२ यो निर्देशिका मर्चवारी गाउँपालिकाका सम्पूर्ण सामुदायिक कक्षा ११ र १२ संचालनमा रहेका विद्यालयहरुमा लागु हुने गरी तुरुन्त प्रारम्भ हुने छ।

२. परिभाषाः विषय वा प्रसङ्गगले अर्को नलागेमा यो निर्देशिकामा

२.१ गाउँपालिका भन्नाले मर्चवारी गाउँपालिकालाई जनाउनेछ ।

२.२ सभा भन्नाले मर्चवारी गाउँपालिकाको गाउँ सभालाई जनाउनेछ ।

२.३ गाउँकार्यपालिका भन्नाले मर्चवारीगाउँपालिकाको कार्यपालिकालाई जनाउनेछ ।

२.४ अध्यक्ष भन्नाले मर्चवारी गाउँपालिकाको अध्यक्षलाई जनाउनेछ ।

२.५ प्रमुख प्रशासकीय अधिकृत भन्नाले मर्चवारी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउनेछ ।

२.६ शिक्षा शाखा भन्नाले मर्चवारी गाउँपालिकामा रहेको शिक्षा शाखा लाई जनाउनेछ।

२.७ ससर्त आधारभूत अनुदान भन्नाले विधालयलाई दिईने शिक्षक तलब भत्ता विधालय तलब भत्ता निशुल्क पाठ्यपुस्तक विधालय व्यवस्थापन खर्च तथा छात्रवृतिलाई सम्झनुपर्दछ ।

२.८ एकमुष्ठ अनुदान भन्नाले हालसम्म कुनै पनि स्वीकृत शिक्षक दरवन्दी राहत शिक्षक अनुदान प्राप्त नगरेका र भविष्यमा शिक्षक दर बन्दी वा राह शिक्षक अनुदान नलिने गरि विधालयलाई प्राप्त हुने सुत्रमा आधारित अनुदान लाई सम्झनु पर्दछ । साथै यसले विधालयको समग्र पक्षको विकासका लागि प्रचलित कानुनको परिधिमा रहि विधालय व्यवस्थापन समितिले अधावधिक विधालय सुधार योजनाको आधारमा आफै प्राथामिकता निर्धारण गरी खर्च गर्न सक्ने गरी विद्यालय प्राप्त हुने अनुदानलाई समेत जनाउने छ ।

२.९ विज्ञान विषाय संचालन गर्ने विधालयलाई अनुदान भन्नाले कक्षा ११ र १२ मा विज्ञान विषयको अध्ययन गराउने सामुदायिक विधालयलाई अन्य अनुदान अतिरित्त दिईने थप अनुदानलाई जनाउने छ ।

गया प्रसाद बरई
गाउँपालिका अध्यक्ष

२.१० ऐन भन्नाले शिक्षा एन २०२८ संशोधन सहित लाई जनाउने छ ।

२.११ नियमावली भन्नाले मर्चवारी गाउँपालिकाको शिक्षा नियमावली २०७४ लाई जनाउने छ ।

२.१२ मन्त्रालय भन्नाले शिक्षा मन्त्रालयलाई जनाउने छ ।

२.१३ नमुना विद्यालय भन्नाले नमुना विद्यालय व्यवस्थापन निर्देशिका २०७४ बमोजिम छनौट तथा व्यवस्थापन भएका विद्यालय जनाउने छ ।

## परिच्छेद-३
## उदेश्य

३. उदेश्यः

यो निर्देशनका विद्यालयलाई दिने अनुदानलाई व्यवस्थित गर्न तथा विद्यालयले विद्यालय सुधार योजना बनाई कार्यन्वयन गर्ने क्रममा विद्यालय व्यवस्थापन र सहयोग गर्ने साझेदारहरूको मर्गदर्शन हुने छ। यो निर्देशनका जारी गर्नुका उदेश्यहरू देहाय वमोजिम छन्।

३.१ उपलब्ध स्रोत र साधनको समुचित परिचालनमा विद्यालय व्यवस्थापन समितिलाई जिम्मेवार बनाई गुणस्तरयुक्त शैक्षिक वातावरण तयार गर्ने सघाउ पुर्याउनु।

३.२. विद्यालयस्तरीय सूचकका अधारमा विद्यालयलाई विद्यालयको प्रगतिसँग आवद्ध गर्नु।

३.३. अनुदान पद्धतिका मध्यमवाट विद्यालयलाई सरोकारवालाहरूगैग सहकार्य गरी रुव मूल्याउन गर्न अभिप्रेरित गर्नु।

३.४. विद्यालयमा प्राप्त गर्ने अनुदान लार्य अनुमान योग्य र पारदर्शीता बनाउनु ।

३.५ विद्यालयमा हुने आर्थिक गतिविधिलाई पारदर्शीता बनाई वित्तीय सुशासन कायम गर्नु।

## परिच्छेद-४
## विद्यालय अनुदानका आधारहरू

४. विद्यालय अनुदानः विद्यालय अनुदान देहाय वमोजिम हुने छन्।

४.१. सर्सत आधारभुत अनुदानः

स्वीकृत दरवन्दी कार्यरत शिक्षकहरू, राहत अनुदानमा कार्यरत सबै शिक्षकहरू, प्रारम्भिक बालविकास शिक्षकरू विद्यालयमा कार्यरत कर्मचारीहरूका तलव भत्ता सर्सत अनुदानका रूपमा उपलब्ध हुने छ। यसका साथै निशुल्क पाठ्यपुस्तक विभिन्न प्रकारका छत्रवृति विद्यालय व्यवस्थापन अनुदान तया समय समयमा विद्यालय भौतिक सुधार सम्बन्धी कार्यक्रमका लागि सर्सत अनुदान उपलब्ध हुने छ। विद्यालयले प्राप्त गर्ने सर्सत अनुदान सम्वन्धी विवरण तथा आधारहरू अनुसुची १ अनुसार हुनेछ।

गया प्रसाद बरई
गाउँपालिका अध्यक्ष

४.२. एकमुष्ठ अनुदानः

सामुदायिक विद्यालयको सर्वपक्षिय विकासमा सघाउ पुग्रायन तथा विद्यालय सुधार योजना कार्यन्वयनका लागि विद्यार्थि सङ्ख्याका आधारमा विद्यालयलाई एकमुष्ठ अनुदान उपलब्ध हुने छ। गाउँपालिकावाट कुनै पनि शिक्षक दरबन्दी तथा राहत शिक्षक अनुदान प्राप्त नगरेको विद्यालयले भविश्यमा शिक्षक दरवन्दी तथा राहत शिक्षक अनुदान उपलब्ध गराउन सकिने छ। साथै कुनै सामुदायिक विद्यालयले विद्यालयमा रहेका शिक्षक दरबन्दी तथा राहत राहत शिक्षकको अनुदानका आधारमा विद्यालय संचालन गर्न चाहेमा त्यस्ता विद्यालयलाई अनुदान उपलब्ध गराउन सकिने छ।

४.२.१ विषय संचालन गर्ने विद्यालयलाई अनुदानः

कक्षा ११ र १२ मा विज्ञान विषयको सामुदायिक विद्यालयलाई अन्य अनुदान उपलब्ध हुने छ।

४.२.२. नमुना विद्यालय तथा व्यावसायिक प्रवर्तनात्मक कार्य संचालनका लागि अनुदानः

गाउँपालिकाले नमुना विद्यालय भनी निर्णय गरेको विद्यालयलाई विद्यालयले पेश गरेको प्रस्तावका आधारमा प्रवर्तनात्मक कार्य संचालनका लागि थप अनुदान रकम उपलब्ध गराउन सकिने छ।

४.२.३. एक जना मात्र शिक्षक भएका तथा बहुकक्षा आधारित शिक्षण सिकाई गर्ने विद्यालयलाई व्यवस्थापन अनुदानः

एक मात्र शिक्षक भएका विद्यालय तथा बहुकक्षा बहुस्तरमा आधारित शिक्षण सिकाई गर्ने विद्यालयलाई संचालन व्यवस्थापनमा थप सहज बनाउन प्रस्तावका आधारमा वार्षिक एकमुष्ठ अनुदान उपलब्ध गराईने छ ।

४.२.४. बहुभाषिक शिक्षण गर्ने विधालयका लागि अनुदानः नेपाली भाषामा समेत अध्यपन गराउने विद्यालयका लागि नियमित अनुदानका अतिरित्त थप वार्षिक एकमुष्ठ अनुदान उपलब्ध गराईने छ ।

४.२.५. कार्यसम्पदानमा आधारित अनुदानः विद्यालयले सम्पदान गरेको काम र हासिला गरेको उपलब्धिलाई थप प्रोत्तसाहित गरी गुणस्तरीय शिक्षाको प्रर्वधनका लागि माथि उलेखित अनुदानका अतिरिक्त प्रोत्साहन अनुदान उपलब्ध हुने छ। विद्यालयको कार्यसम्पदान मापन तथा अनुदान प्राप्त गर्ने आधार अनुसूची ३ अनुसार हुनेछ ।

## परिच्छेद — ५

## समिति सम्बन्धी व्यवस्था

५. गाउँपालिका स्तरिय प्राविधिक समिति सम्बन्धी व्यवस्था देहाय वमोजिम हुनेछ ।

५.१ गाउँपालिका स्तरीय प्राविधिक समितिः यस गाउँपालिका विधालय जाने अनुदान विधालय तथा विधार्थी विवरण एकिन गरी गाउँ सभा समक्ष पेस गर्न देहायवमोजिको गाउँपालिका स्तरीय प्राविधिक समिति हुनेछ।

गया प्रसाद बरई
गाउँपालिका अध्यक्ष

१. गाउँपालिका उपाध्यक्ष - अध्यक्ष

२. इन्जिनियर - सदस्य

३. योजना शाखा प्रमुख - सदस्य

४. शिक्षा शाखा प्रमुख - सदस्य सचिव

५.२. गा.पा.स्तरीय प्राविधिक सामितिको काम कर्तव्य र अधिकार गा.पा.स्तरीय प्राविधिक सामितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ ।

क) विद्यालयबाट प्राप्त निकासा मागदावी फारम र सत्यापन गर्ने।

ख) विद्यालयलाई दिईने अनुदानरकम निकासा दिने सिफारिस गर्ने।

ग) अनुगमनको क्रममा विद्यालयहरूले तोकिए बमोजिम नगरेको पाइएमा नियमित गर्न सुझाव दिने र आवश्यक कारवाहीका लागि सिफारिस गर्ने।

घ) विद्यालयवाट प्राप्त आर्थिक प्रतिवेदनहरूको विश्लेष्ण गरी एकिकृत प्रतिवेदन तयार गर्ने।

ङ) विद्यालयको सामाजिक परीक्षणहरूको प्रतिवेदन तथा वित्तिय लेखापरीक्षणको प्रतिवेदन विश्लेषण गरी सुधारको लागि सुझाव पेश गर्ने।

## परिच्छेद — ६
## अनुदान प्राप्त गर्न पुरा गर्नुपर्ने अनिवार्य सर्तहरू

६. अनुदान प्राप्त गर्न पुरा गर्नुपर्ने अनिवार्य सर्तहरू देहायबमोजिम रहेका छन।

६.१ अनुदान प्राप्त गर्ने प्रत्येक विद्यालयले कार्यहरु अनिवार्य रुपमा गर्नुपर्ने छ।

क) विद्यालय सुधार योजना प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको शैक्षिक भैतिक, आर्थिक तथा व्यवस्थापकयि पक्ष सुधारका कार्यक्रम समेटिएको अद्यावधिक विद्यालय सुधार योजना तयार गर्नुपर्ने छ। प्रत्येक वर्ष अद्यावधिक गर्नुपर्ने छ।

ख) लेखा परिक्षण तथा सामाजिक परीक्षणः प्रत्येक विद्यालयले आफ्नो हरेक वर्षको आर्थिक कारोवारको नियमितरुपमा लेखापरीक्षण एवम् विद्यालयको सम्पूर्ण वार्षिक विद्यालय क्रियाकलापहरुको सामाजिक परिक्षण विद्यालयहरुको आन्तरिक लेखापरीक्षण तथा अन्तिम लेखा परिक्षण प्रतिवेदन सँग आवद्ध वनाइनेछ।

गया प्रसाद बरई
गाउँपालिका अध्यक्ष

(ग) विद्यालयको वार्षिक कार्ययोजना विद्यालय सुधार योजनाका आधारमा प्रत्येक विद्यालयले आफ्नो लक्ष्य तथा वजेट सहितको वार्षिक कार्ययोजना तयार गर्नुपर्ने।

(घ) प्रतिवेदन सम्प्रेषण: पत्येक विद्यालयले तोकिएका प्रतिवेदनहरु वार्षिक लेखापरिक्षण प्रतिवेदन,आन्तरिक लेखापरिक्षण प्रतिवेदन र सामाजिक परीक्षण प्रतिवेदन चौमासिक प्रतिवेदनहरु तयार गरी विद्यालय मार्फत गाउँपालिका शिक्षामा पेस गर्नपर्ने छ।

(ङ) शैक्षिक व्यस्थापन प्रत्येक विद्यालयले हरेक शैक्षिक सत्रको सुरुमा EMIS student ID अन्तमा तोकिए बमोजिमको शैक्षिक तथ्याङ् भरी विद्यालय मार्फत पेस गर्नुपर्ने छ।

६.२ कार्यसम्पादनमा आधारित अनुदान कार्यसम्पादनमा आधारित अनुदान प्राप्त गर्नका लागि अनुसूचि ३ मध्ये निम्न सूचकहरुमा न्यूनतम अङ्क प्राप्त गरेको हुनुपर्ने छ।

क) विद्यार्थीले हासिल गरेको औषत सिकाई उपलब्धि

ख) विद्यार्थिले आन्तरीक सक्षमताको अवस्था

ग) विद्यालय व्यवस्थापन समितिको गठन

घ) सामाजिक परिक्षण

ङ) विद्यालय सुधार योजना तथा वार्षिक अद्यावधीकरण

च) पाठ्यपुस्तकको उपलब्धता

छ) लेखा परीक्षण

ज) चौमासिक प्रतिवेदन सम्प्रेषण

झ) शिषक उपस्थिति वार्षिक शैक्षिक योजना निमार्ण र कार्यान्वयन ।

## परिच्छेद-७

## अनुदान माग र निकासाको प्रक्रिया

७. अनुदान प्राप्त गर्ने सम्वन्धि व्यवस्था

७.१ स्वमूल्याङ्कन सम्वन्धी व्यवस्था:

७.१.१ विद्यालयले अनुसूचि १ अनुसार सर्सत आधारभुत अनुदान प्राप्त गर्नका लागि शिक्षा शाखामा विवरण पेस गर्नुपर्ने छ।

७.१.२ विद्यालयले अनुसूचि २ अनुसारको एकमुष्ठ अनुदान प्राप्त गर्नका लागि शिक्षा, युवा तथा खेलकुद शाखामा विवरण पेस गर्नुपर्ने छ।

अनुदान प्राप्त गर्ने प्रत्येक विद्यालयले कार्यहरु अनिवार्य रुपमा गर्नुपर्ने छ।

क) कक्षागत विद्यार्थी संख्या

ख) ११ र १२ अध्यापन गराउने शिक्षक संख्या

ग) शैक्षिक योग्यताको प्रमाण पत्र

घ) सामाजिक परिक्षण

ङ) विद्यालय सुधार योजना तथा वार्षिक अद्यावधीकरण

गया प्रसाद बरई
गाउँपालिका अध्यक्ष

चा) वि.व्य.स.को निर्णय

छ) लेखा परीक्षण

ज) चौमासिक प्रतिवेदन सम्प्रेषण

## अनुसुची २

## एकमुष्ठ अनुदान

| विद्यालयको प्रकार | ५० जना सम्मा विद्यार्थी | ५१ देखी १०० विद्यार्थी | १०१ देखी २०० विद्यार्थी | २०१ देखि माथि विद्यार्थी |
|---|---|---|---|---|
| कक्षा ११ र १२ संचालन तथा व्यवस्थापन खर्च | प्रति विद्यार्थी रु.२२००० | प्रति विद्यार्थी रु. १२००० | प्रति विद्यार्थी रु. ८००० | प्रति विद्यार्थी रु. ५००० |

पुनश्चः आवश्यकताको आधारमा रकम पुनरावलोकन गरि थपघट पनि गर्न सकिने छ ।

गया प्रसाद बरई
गाउँपालिका अध्यक्ष